नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

वैभव शनिबार ४ पृष्ठको वैभव

**वीरेन्द्र रमण** - मिथिलामा वस्त्राभुषण परम्परा

**हरिविनोद अधिकारी** - संसद्प्रति जनताको अपेक्षा र सांसदको दायित्व

**भुपेन्द्र विक** - बगरखेतीले फेरिँदै किसानको जीवन

अर्थ मन्त्रालयको अर्धवार्षिक मूल्याङ्कन

वर्ष ३ ● अंक ९० ● २०८१ साल माघ २६ गते शनिबार ● Saturday 08, February 2025 ● सूर्योदयः बिहान ६:४७ बजे ● सूर्यास्तः साँझ ५:५२ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

# फर्जी लालपूर्जा बनाएर मुआब्जा लिनेहरुकै ठूलो स्वर

*हरिनारायण यादवले आफूले पहिले नै मन्जुरीनामा गरेर जग्गा बिक्री गरिसकेको बताए । मनोजकुमार यादवले जग्गा खरिद गरेको बताए । डिभिजन कार्यालयका डिभिजन प्रमुख लालबाबु प्रसादले वडा कार्यालयबाट प्रमाणित कागजात आएपछि मुआब्जा दिइएको बताए । गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवले मोहीका विषय पहिले नै लेनदेन भइसकेको बताए । प्रमुख जिल्ला अधिकारी भोला दाहालले अनुसन्धान भइरहेको बताए ।*

**मधेशदृष्टि**
**राजविराज ।**

नेपाल–भारत विद्युत प्रसारण तथा व्यापार आयोजनाबाट फर्जी लालपूर्जाबापत लाखौँ रुपैयाँ मुआब्जा उपलब्ध गराइएको पाइएको छ । सप्तरीको रुपनी गाउँपालिका वडा नम्बर १ बगहाखालका मनोजकुमार यादव र राजविराज नगरपालिका वडा नम्बर १२ विषहरियाका हरिनारायण यादवले मिलेमतोमा फर्जी लालपुर्जामा १४ लाख ५० हजार रुपैयाँ मुआब्जा रकम उठाएको पाइएको हो । उनीहरु नातामा मामाभान्जा हुन् ।


फारम नं. ७
नेपाल सरकार
भूमि सुधार तथा व्यवस्था मन्त्रालय
भूमि सुधार तथा व्यवस्था विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, सप्तरी
जग्गा धनी दर्ता प्रमाण पुर्जा
जग्गा धनीको नाम:
जग्गा धनीको बाबु/पतिको नाम:
बाजे/ससुराको नाम:
अञ्चल: जिल्ला: सप्तरी
गा.वि.स.

साविक नकटिरायपुर गाविस–८ (घ) को कित्ता नम्बर ५२ को ८ कठ्ठा १८ धुर र कित्ता नम्बर ११३ को ९ कठ्ठा ७ धुर मोहियानी जग्गा हरिनारायणकै नाममा थियो भने जग्गामा रुपनी गाउँपालिका–१ रुपनी टोलका चरु चौधरीको मोही कायम रहेको लालपुर्जामै उल्लेख छ । तर, हरिनारायणले मोहियानी हक मारेर मुआब्जा उठाउन भान्जा मनोजलाई मन्जुरीनामा दिएका थिए । मनोजले आयोजनाको इनरुवा डिभिजन कार्यालय सुनसरीमा मन्जुरीनामा, फर्जी लालपूर्जा र वडा नम्वर १ कै कार्यालयबाट गरिएको सिफारिसका आधारमा मुआब्जा रकम लिएका हुन् ।

मनोजले इनरुवा डिभिजन कार्यालयबाट चरु चौधरीको मोही कायम रहेको जग्गाबापत मुआब्जा लिइरहँदा चौधरीको भने २०६६ असार ४ गते नै मृत्यु भइसकेको पाइएको छ । हरिनारायण र मनोजले मिलेमेतोमा जग्गाको सबै मुआब्जा रकम लिएको पाइएपछि चरुका नाति सुरेशकुमार चौधरीले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएकाथिए ।

'मुआब्जा लिने मनोज चैँ गाउँपालिका अध्यक्ष दिनेशकुमार यादवकै काकाका छोरा हुन् । सुरेशले दिएको निवेदनपछि जिल्ला प्रशासन कार्यालयले पनि २०८१ मंसिर १८ गते चलानी नम्बर ४१६८ मा इनरुवा डिभिजन कार्यालयमा पत्राचार गरेको थियो । इनरुवा डिभिजन कार्यालय सुनसरीले मुआब्जा फिर्ता गराउन जिल्ला प्रशासन कार्यालय सप्तरीलाई पत्राचार गरेको छ । पुस ९ गते चलानी नम्बर ५२ उल्लेखित पठाइएको पत्रमा मुआब्जा लिएका दुवै जनाको घर जग्गा रोक्का गर्न पत्र उपलब्ध गराइदिन प्रमुख जिल्ला अधिकारी (सिडिओ) सँग आग्रह गरिएको छ ।

हरिनारायणले आफूले पहिले नै मन्जुरीनामा गरेर जग्गा बिक्री गरिसकेको बताए । मनोजकुमारले जग्गा खरिद गरेको बताए । डिभिजन कार्यालयका डिभिजन प्रमुख लालबाबु प्रसादले वडा कार्यालयबाट प्रमाणित कागजात आएपछि मुआब्जा दिएको बताए । गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवले मोहीका विषय पहिले नै उनीबीच लेनदेन भइसकेको बताए । प्रमुख जिल्ला अधिकारी भोला दाहालले यसमा अनुसन्धान भइरहेको बताए ।

# एमाले अध्यक्षद्वारा छोरालाई भूमि आयोगमा नियुक्ति

**मधेशदृष्टि**
**सर्लाही ।**

अध्यक्ष हुनु त नेकपा एमाले सर्लाहीका राजनारायण साहजस्तो । जसले पदमा हुँदा छोरा रौनित साहलाई भूमि समस्या समाधान आयोग सर्लाहीमा सदस्य बनाएका छन् ।



पार्टीको सिफारिसमा भूमी व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले रौनितसहित दुई जनालाई भूमि आयोग सर्लाहीको सदस्यमा नियुक्त गरेपछि एमाले जिल्ला अध्यक्षकै छोरा परेको रहस्य खुलेको हो । मन्त्री अधिकारीले ५१ जिल्लाका भूमि समस्या समाधान आयोगको जिल्ला समितिमा १सय १ जना सदस्य नियुक्त गर्दा सर्लाहीमा भने एमाले अध्यक्षका छोरा पनि सदस्य हुने भाग्यमानी कम्युनिस्ट कार्यकर्ता भएका छन् ।

सर्लाहीमा अध्यक्ष साहका छोरा रौनित र पवित्राकुमारी घिमिरे एमाले कोटाबाट नियुक्त भएपछि यो विषयले सर्लाहीमा मात्र होइन एमाले कार्यालय र मन्त्रीको सचिवालयमा पनि हंगामा भएको छ । आयोगको सर्लाही जिल्ला अध्यक्षमा कांग्रेसका मदन बिश्वकर्मा नियुक्त भएपछि सदस्यमा एमालेको भाग थियो । अध्यक्ष साहले आयोगमा छोरालाई नियुक्तिका लागि सिफारिस गरेपछि एमाले सर्लाहीको विवाद सतहमा आएको छ। पदीय दुरुपयोग गरेर साहले छोरालाई आयोगमा सदस्य नियुक्तिका लागि सिफारिस गरेपछि नेता कार्यकर्ता रुष्ट भएका छन् ।

अझ रमाइलो त छोरालाई सदस्यमा नियुक्तिको सिफारिस गरेपछि विरोध हुँदा अध्यक्ष साहले पार्टीका नेताकार्यकर्तालाई कारबाहीको तयारी गरेपछि एमाले सर्लाही यतिखेर गरम मसला बनेको छ । चार सदस्यीय हुने व्यवस्थामा एकजना जनमत पार्टीका सञ्जयकुमार सिंह सिफारिस भएका छन् ।

आयोगको सदस्यले मासिक ४५ हजार रुपैयाँ भन्दा धेरै तलबसहित सेवासुविधा पाउँछन् । एमाले सर्लाहीका संस्थापक सदस्यसमेत रहेका सञ्चारकर्मी शंकरराम श्रेष्ठ, रेवत अधिकारी, बिक्रम भण्डारी, इन्द्र न्यौपानेलगायतले सामाजिक सञ्जालमा विरोध गरेपछि अध्यक्ष साहले छोरालाई सिफारिस गर्दा बिरोध गरेको भन्दै स्पष्टीकरण सोधेका छन् । एमाले सर्लाहीका नेता चुडामणि वाग्लेले सामाजिक सञ्जालमार्फत् अध्यक्ष साहको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गरेका छन् ।

राष्ट्रिय खोप कार्यक्रम

पाठेघरको मुखको क्यान्सर विरुद्धको
एच.पि.भी. खोप अभियान २०८१
२०८१ माघ २२ देखि फागुन ६ गते सम्म




कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीहरूलाई मुख्यतः विद्यालय केन्द्रित खोप केन्द्रहरूबाट एच.पि.भी. खोप दिइँदैछ ।

थप जानकारीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पैसा नलाग्ने हेल्लो हेल्थ कल सेन्टर ११११५ वा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा

# 'लाज शरणम्'मा मधेश बदनाम कि गुमनाम ?

**मधेशदृष्टि**
**वीरगंज ।**

शुक्रबार साँझदेखि एउटा गीत भाइरल भइरहेको छ, 'हेर्दाहेर्दैमा ....।' यो गतीमा एउटा कलाकार छन्, जसको मुहार हुबहु मधेशको रौतहटका नेता अफ्ताब आलमसँग मिल्छ । तर यो अनुहार आलमको होइन, यो अनुहार हो हास्य कलाकार सीताराम कट्टेल उर्फ धुर्मुसको ।

ईँटा भट्टामा जिउँदै मान्छे जलाएको मुद्दामा जेल जीवन बिताइरहेका नेपाली कांग्रेस रौतहटतका नेता, पूर्वमन्त्री मोहम्मद अफताबको मुहारमा देखिएका कट्टेललाई धेरैले रुचाएका छन् । उता आलम चैँ कर्तव्य ज्यान सजायमा जेल जीवन काटिरहेका छन् । आलमको जस्तो हुलिया भएको यो नयाँ चलचित्र होः लाज शरणम् ।



धुर्मुस भाइ जिग्री अर्थात् कुमार कट्टेलको निर्देशन रहेको चलचित्र 'लाज शरणम्'मा आलमको हुलियामा देखिएका छन् ।

यद्यपि धुर्मुसले निर्वाह गरेको पात्रको हुलिया आलमसँग मिल्नु संयोग मात्रै भएको तर्क चलचित्र निर्माण टोलीको छ । फागुन १४ गते शिवरात्रीका दिन सार्वजनिक गरिन लागेको चलचित्र लाज शरणम्मा धुर्मुसको भूमिका के हो भनेर गोप्य राखिएको छ ।

तर प्रश्न यो हो कि, यदि धुर्मुसको लाज शरणम्को हुलिया अफ्ताब आलमकै हो भने मधेश बदनामको हो कि गुमनामको ? नेपाली राजनीतिमा मधेशलाई बदनाम गर्ने अनेक हुलिया र पात्र छन् । बेलाबखत फिल्म बन्नु राम्रै हो, तर के सधैँ मधेश बदनाम भइरहेको मात्रै सन्देश जाने फिल्म बन्दा दर्शक बढ्छ भन्ने निर्माण टोलीको बुझाइ हो कि ? आममधेशी जनमनमा आशंका उब्जिएको छ ।



**बर्दिबासमा हुस्सुः** माघ सकिनै लाग्दा पनि महोत्तरीमा बाक्लो हुस्सु र चिसो बढ्दै । बर्दिबास–औरही–जलेश्वर सडकको बर्दिबास–१४ हटियामा देखिएको हुस्सु । तस्बिरः गोपालप्रसाद बराल/रासस

# नेपाल–भारत सम्बन्धको लाभ ‘आइटी’ क्षेत्रमार्फत लिनुपर्ने

**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपाल र भारतबीचको प्रगाढ सम्बन्धको भरपुर लाभ आइटी क्षेत्रमार्फत लिनुपर्ने बताएका छन् । भारतीय दूतावासले गरेको ‘सेकेण्ड इन्डिया–नेपाल स्टार्टअप कनेक्ट कार्यक्रम’मा मन्त्री गुरुङले अहिले सूचना प्रविधिको युग भएकाले दुई देशबीचको सम्बन्ध जोड्ने आधार सूचना प्रविधि रहेको बताए ।



उनका अनुसार नेपाल र भारतबीचको सांस्कृतिक, भावनात्मक र खुला सिमानाको अन्तर सम्बन्धलाई अब नवीन कार्यमा रुपान्तरण आवश्यक छ । आइटी क्षेत्रमार्फत दुई देशबीचका युवाबीच ‘इनोभेटिभ’ कार्यमा सहकार्यको आवश्यकता उनले औँल्याए । सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले नेपालले आइटी क्षेत्रमा पूर्वाधार निर्माण, बजार विस्तार र ‘डिजिटल फ्रेमवर्क’मा कार्य सम्पादन गर्दै आएको उल्लेख गरे ।

उनले नेपालको आफ्नै स्याटेलाइट निर्माण गर्ने, ‘डिजिटल लिटरेसी’ विस्तार गर्ने, एआइ नीति ल्याउने सरकारको योजना रहेको जानकारी दिए । ‘हामीले अब नेपाल र भारतबीच नवप्रवर्तन मार्फत सहकार्य गर्न सक्छौँ,’ उनले भने, ‘यसले दुई देशको सम्बन्ध विस्तारसँगै अर्थतन्त्रमा टेवा पुऱ्याउँछ ।’

नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले नेपाली र भारतीय नवप्रवर्तनबीच सहकार्य गरेर उद्यमशीलतामा प्रोत्साहन गरिने बताए ।

भारतीय सरकारले नवप्रवर्तनमा युवा विशेष लगानी गर्दै आएको र नेपालले पनि प्रयास गरेको देखिएकाले दुवै देशबीचको सहकार्यमा थप उपलब्धिपूर्ण बनाउन सकिने धारणा राखे । राजदूत श्रीवास्तवले भारतमा आगामी अप्रिल ३ देखि ५ तारिखमा हुन लागेको नवप्रवर्तन महाकुम्भमा सहभागी भइ एकअर्काको सिर्जनात्मक कार्य साझेदारी गर्न अनुरोध गरे । रासस

# जबरजस्ती करणीमा कर्मचारी पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
नेपाल विद्युत प्राधिकरण सिरहा शाखामा कार्यरत एकजना कर्मचारी जबरजस्ती करणी र विद्युतीय कारोबार ऐनअन्तर्गत कसुर मुद्दामा पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा उदयपुरको लिम्चुङबुङ गाउँपालिका–४ का ३१ वर्षीय विश्वराज राई रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा डिएसपी विरेन्द्र पासवानले जानकारी गराएका छन् । राईलाई सिरहा नगरपालिका–७ हेमनारायण चौकबाट पक्राउ गरिएको हो । उनलाई काठमाडौं जिल्ला अदालतले पक्राउ गर्न पक्राउ पुर्जी जारी गरेको थियो । राईलाई प्रहरी प्रधान कार्यालय काठमाडौँको साइबर व्युरोमा पठाएको प्रवक्ता पासवानले बताए । परिवर्तित नाम (जिल्ला–२६,गौशाला–३६) ले राईमाथि जवरजस्ती करणी र विद्युतीय कारोबार ऐन अन्तरगत कसुर गरेको भनेर प्रहरीमा जाहेरी दिएका छन् । जाहेरी परेपछि उनी फरार भएका थिए ।

# भारतीय अण्डा भित्रिएपछि नेपाली बजार प्रभावित

**चितवन ।**
भारतीय सीमा क्षेत्रबाट अबैध रूपमा सेतो अण्डा भित्रिएपछि चितवनको अण्डा बजार प्रभावित भएको छ । यही कारण लामो समयपछि लागत मूल्य पाउन सफल कुखुरापालक किसान निराश भएका छन् ।

नेपाल लेयर्स कुखुरा पालक सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार भारतीय सीमा क्षेत्र र नजिकका बजारहरूमा सेतो अण्डा भित्रिएपछि बजार प्रभावित भएको हो । उनले भने, ‘सीमा क्षेत्रमा ३० प्रतिशत हाराहारी सेतो अण्डा देखिएको छ ।’ रोगको सङ्क्रमणका कारण कानूनीरूपमा प्रतिबन्धित अण्डा निर्वाध रूपमा सीमा क्षेत्र पार गरेर आएको किसानको गुनासो छ ।

पोखरेलले किसानले लागत मूल्य पाएर केही हदसम्म राहत पाउन थालेको बेला एकाएक भारतीय अण्डा भित्रिएपछि बजारमा समस्या देखिएको बताए । यसअघि पनि बेलाबेलामा समस्या आउँदा गृह प्रशासनको ध्यानाकर्षण गराएपछि समस्या केही हदसम्म समाधान हुने गरेको उनको भनाइ छ ।

सङ्घका महासचिव भेषराज अर्यालका अनुसार एक महिना अघिसम्म प्रतिक्रेट (३० वटा) अण्डाको फार्म मूल्य ५ सय १५ रुपैयाँमा बिक्री भएकामा यो रेट घटेर ३ सय ७० रुपैयाँमा झरेको थियो । माघ २१ गतेदेखि ठूला अण्डा प्रतिक्रेट ४ सय रुपैयाँ पुगेको छभने मझौला ३ सय ८५ रुपैयाँ रहेको छ । मुख्यरूपमा भारतीय अण्डाको प्रवेशसँगै पर्यटकको आगमनमा कमी, स्कूल, कलेजमा जाडो बिदा, बढी जाडो, स्वस्थानी व्रतलगायत कारण अण्डाको मूल्यमा गिरावट आएको अर्याल बताउँछन् । क्रमशः बजार सुधार भएर मूल्य बढ्न थालेको भन्दै उनले सीमा क्षेत्रमा कडाइ गरिए अण्डाले लागत मूल्य पाउने बताए ।

अण्डा उत्पादन र बजारीकरण गर्दै आएका युवा व्यवसायी अमोद खनालका अनुसार नेपालमा अण्डाको लागत मूल्य प्रतिगोटा १६ रुपैया ५६ पैसा पर्न आउँछ । लामो समय अण्डाले मूल्य नपाउँदा धेरै किसान विस्थापित भइसकेको उनी बताउँछन् । उनले भने, ‘सरकारले भारतीय अवैध अण्डा रोक्नुपर्छ ।

जसले नेपालको आत्मनिर्भर बनेको अण्डा उत्पादन क्षेत्रलाई जीवित राख्छ ।’

सशस्त्र प्रहरी बलका प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेका अनुसार सीमा क्षेत्रबाट कुनै पनि अवैध वस्तु भित्र्याउन पाइन्छ । गुनासो आएको भन्दै कडाइका साथ रोक्न निर्देशन दिइसकिएको उनले बताए ।

उनले भने, ‘अण्डाका विषयमा गुनासो आएको छ । यससम्बन्धी ध्यानाकर्षण भएर आवश्यक निर्देशन भइसकेको छ ।’ खुला सिमाना भएकाले काममा कठिनाइ भएको भन्दै उनले यद्यपी मिलेमतोमा अवैध रूपमा अण्डा भित्रन नदिइने बताए । नेपालमा अहिले दैनिक ३२ लाखको हाराहारी अण्डा उत्पादन हुँदै आएको अनुमान छ । रासस

# तीनदिने कृषि एक्स्पो २०२५ शुरु



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
एसके चौधरी एजुकेशन ट्रष्टद्वारा कृषि विज्ञान केन्द्र बसैठ चानपुरामा शुक्रबारदेखि शुरु भएको तीनदिने कृषि, शिक्षा, स्वास्थ्य महोत्सव तथा कृषि एक्स्पो २०२५ को नवौँ कृषि अन्तर्राष्ट्रिय सम्मेलन उद्घाटन केरलका गभर्नर राजेन्द्रनाथ अर्लेकरले गरेका छन् । प्रमुख अतिथि अर्लेकरले भारतको आत्मा किसानमा रहेको र भारत कृषि प्रधान देश भएको बताए । उनले रासायनिक मलको अन्धाधुन्ध प्रयोगले माटोको उर्वराशक्ति घटेको बताए । उनले किसानले प्राकृतिक खेती गर्नुपर्ने र सरकारले पनि ध्यान दिनुपर्ने बताए । सिक्किम राज्य पूर्णतया अर्गानिक खेती गर्ने राज्य बनेको र किसानले पनि खेतीमा ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा पूर्व केन्द्रीय मन्त्री पद्मभूषण हुकमदेव नारायण यादवले बसैठ चानपुरामा सन्त चौधरीले स्थापना गरेको कृषि विज्ञान केन्द्र मिथिला क्षेत्रका किसानका लागि वरदान सावित भएको बताए । कृषि विज्ञान केन्द्रबाट कृषकले वैज्ञानिक विधिबाट कृषिसम्बन्धी जानकारी लिने गरेका छन् । सन्त कुमार चौधरीको अध्यक्षतामा भएको उद्घाटनमा लाइफ टाइम एचिभमेन्ट वासुदेव केएमजी ग्रुप, मधुबनीका कलक्टर अरविन्द कुमार वर्मा, भ्यालेन्सी ओएस पिटर्सबर्ग स्टेट ट्रान्सपोर्ट युनिभर्सिटी सहित पाँच जना सम्मानित भएका थिए । तीनदिने कृषि सम्मेलनमा मधुबनी, सीतामढी र नेपालको धनुषा तथा महोत्तरीका कृषकको सहभागिता थियो । अन्तर्राष्ट्रिय कृषि सम्मेलनमा ३९ देशका सयभन्दा बढी कृषि विज्ञको सहभागिता छ । नेपालका तर्फबाट कृषि मन्त्रालयका पूर्वसचिव योगेन्द्रकुमार कार्कीको नेतृत्वमा ३० जना सहभागी छन् ।

# भारतको सहयोगमा निर्माण हुने बर्थिङ सेन्टर भवन शिलान्यास

**काठमाडौँ ।**
भारत सरकारको सहयोगमा धादिङको खनियावास गाउँपालिकामा कुरी स्वास्थ्य चौकीसहित ‘वर्थिङ सेन्टर’ भवन निर्माणका लागि शिलान्यास गरिएको छ ।

संविधानसभा सदस्य दिलमान पाख्रिन, धादिङको खनियाबास गाउँपालिकाका अध्यक्ष रणबहादुर तामाङ तथा काठमाडौँस्थित भारतीय राजदूतावासका काउन्सिलर गीताञ्जली ब्रान्डनले संयुक्त रूपमा भवन निर्माणको शिलान्यास गरे । उनीहरूले नेपालका जनताको उत्थानमा भारत सरकारले गरेको निरन्तर विकास सहयोगको प्रशंसा गरेका थिए । ‘नेपाल–भारत विकास सहकार्य’अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा दुई अर्ब ५१ करोड रुपैयाँ लागतमा कुरी स्वास्थ्य चौकीसहित बर्थिङ सेन्टर निर्माण गर्न लागिएको हो । कार्यक्रममा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारीलगायत सामाजिक कार्यकर्ताको उपस्थिति रहेको भारतीय दूतावासले जनाएको छ ।



अनुदान स्वास्थ्य चौकीमा सुविधासम्पन्न बर्थिङ सेन्टर, पाले घर, प्राङ्गण पर्खाल, चमेनागृह, बाटो र अन्य आवश्यक पूर्वाधार निर्माण गरी प्रयोगमा आउनेछ । परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआइसिडिपी) को रूपमा लिइएको छ । स्वास्थ्य चौकीले नेपालका जनतालाई सहज चिकित्सा स्वास्थ्य सुविधा प्रदान गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । सन् २००३ यता भारत सरकारले नेपालका विभिन्न क्षेत्रमा पाँच सय ६३ वटाभन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाएको छ भने चार सय ९० वटा परियोजना सम्पन्न गरिसकेको छ । यीमध्ये बागमती प्रदेशमा एक सय आठ परियोजना छन् ।

साथै भारत सरकारले भारतको स्वतन्त्रता दिवस र गणतन्त्र दिवसको अवसरमा नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी र शैक्षिक संस्थालाई एक हजार नौ वटा एम्बुलेन्स र तीन सय स्कुल बस उपहार स्वरुप प्रदान गरिसकेको छ । त्यसमध्ये धादिङका विभिन्न संस्थालाई १५ वटा एम्बुलेन्स र तीन स्कुल बस उपहार स्वरूप प्रदान गरेको दूतावासले जनाएको छ । रासस

# उपराष्ट्रपति यादव जापानी दूतावासमा आयोजित स्वागत समारोहमा सरिक



काठमाडौँ, २५ माघः उपराष्ट्रपति रामसहायप्रसाद यादव जापानका सम्राट नारूहितोको ६५औँ शुभजन्मोत्सवका उपलक्ष्यमा यहाँस्थित जापानका राजदूत तोरू मायदाले आयोजना गर्नुभएको स्वागत समारोहमा सरिक हुनुभयो ।

राजदूत मायदाको निवास ताहचलमा आयोजित समारोहमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, उपप्रधानमन्त्री प्रकाशमान सिंह, पूर्वप्रधानमन्त्रीद्वय झलनाथ खनाल र बाबुराम भट्टराई, तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी, उपसभामुख इन्दिरा राना, राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरे सहभागी हुनुहुन्थ्यो ।

त्यसअवसरमा मन्त्रिगण, पूर्वपरराष्ट्रमन्त्रीहरू, विभिन्न राजनीतिक दलका नेता, सांसद, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, प्राध्यापक, उद्योगी, व्यवसायी, नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधिका साथै समाजका विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तिको उपस्थिति थियो ।

कार्यक्रममा राजदूत मायदाले अतिथिहरूको स्वागत गर्दै जापान–नेपालबीच लामो समयदेखि मैत्रीपूर्ण, घनिष्ठ र सुमधुर सम्बन्ध रहिआएको बताउनुभयो ।

नेपाल–जापान सम्बन्ध सरकारीस्तरमा मात्र नभई जनस्तरमा विस्तार भइरहेको बताउँदै उहाँले अहिले जापानमा सूचना प्रविधिलगायत क्षेत्रमा ठूलो सङ्ख्यामा नेपाली विद्यार्थीले उच्च शिक्षा हासिल गरिरहेको जानकारी दिनुभयो ।

नेपालको आर्थिक विकासमा जापानले विभिन्न क्षेत्रबाट सहयोग पु-याइरहेको बताउँदै राजदूत मायदाले गोर्खा केन्द्रबिन्दु भई गएको विसं २०७२ को भूकम्पपछि जापानी सहयोगमा नेपालमा दुई सयभन्दा बढी विद्यालय भवन निर्माण गरिएको जानकारी दिनुभयो ।

# ४० प्रतिशतले लिए ‘एचपिभी’ खोप

**काठमाडौँ ।**
सरकारले सञ्चालन गरेको पाठेघर मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियानमा करिब ४० प्रतिशत किशोरीले खोप लगाएका छन् । स्वास्थ्य सेवा विभागका बालस्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमका अनुसार खोप सञ्चालन भएको तेस्रो दिन अर्थात् माघ २४ सम्म ३९ दशमलव ४६ प्रतिशत किशोरीले खोप लगाएका छन् जसअनुसार १६ लाख ८८ हजार ७ सय ६८ जनाले किशोरीले खोप लगाएका हुन् । ‘खोप अभियान उत्साजनक रुपमा चलिरहेको छ । लक्ष्यअनुसार नै सबै किशोरीलाई खोप लगाउँछौँ,’ उनले भने ।

गौतमका अनसार कोशीमा ३८ दशमलव ७, मधेशमा १९ दशमलव ९, बागमतीमा ४१ दशमलव ६, गण्डकीमा ४५ दशमलव २, लुम्बिनीमा ४९ दशमलव ७, कर्णालीमा ३७ दशमलव ७ र सुदूरपश्चिममा ३९ दशमलव ५ प्रतिशत किशोरीले खोप लगाएका छन् । जिल्लागत रूपमा सबैभन्दा धेरै अछाम जिल्लाका किशोरीले ८९ दशमलव ३ प्रतिशत किशोरीले खोप लगाएका छन् । यस्तै, बैतडीका ८२ दशमलव ७ र गोरखाका ७७ दशमलव ८ प्रतिशत किशोरीले खोप लगाएका छन् । रासस

# मिथिलामा वस्त्राभुषण परम्परा



वीरेन्द्र रमण

कुनैपनि समाजको पहिचान वस्त्राभषणबाट समेत गरिने गरिएको छ । विशेष गरेर समाजमा व्यक्तिको पहिरनले समेत उसको व्यक्तित्वको जानकारी हुने गरिएको छ । कतिपय वस्त्राभुषणहरु समाजिक पहिचान र परम्परा संग समेत गासिएको छ । अहिले समाजमा आएको परिवर्तनले यसमा धैरै परिवर्तन भएपनि तर परिहनले उसको समुदाय र क्षेत्रको समेत पहिचान झल्काउने गरिएको छ । मानव जीवनमा पोसाकको महत्व सभ्यताको सुरुवातसँगै चल्न थाल्यो । सुरुमा यायावरी जीवन जिउनेहरू जब व्यवस्थित रूपमा परिवारको संरचनामा आए, त्यसपछि मान्छेको जीवनमा आफ्नो शरीर ढाक्नुपर्ने आवश्यकता देखा प¥यो । त्यसलाईपछि पोसाकको कुराहरु आए तर क्षेत्र अनुसारले मात्रै हैन आआफनो भुभागको अनुसारले समेत यसले स्थान लिएको अवस्था छ । त्यतिबेला नै पनि ठाउँ अनुसार अलग पोसाकको चलन बस्यो । हिमालमा बस्नेहरूले चिसोबाट बच्नको लागि बाक्लो पोसाक लगाउन थाले भने गर्मी ठाउँमा बस्नेले अर्कैखाले पोसाक लगाउन थाले । अर्थात समाज र अर्को तर्फ व्यक्तिको ठाउ अनुसार फरक फरक पोसाकहरु भएपनि यसले पहिचानलाई समेत प्रतिनिधित्व गर्न थाल्यो ।

अहिले पनि विभिन्न देशको आ–आफ्नै विशिष्ट किसिमको पोसाक रहेको हुन्छ । यी पोसाकहरू समय र मौसमको अनुकूलताको आधारमा फरकफरक छ । मिथिलामा धैरै जसो व्यक्तिहरु आधुनिक पहिरनमा सचिने गरिएपनि यसले भलै कुनै पर्वमा लगाउने आफनो परम्परागत पोसाक किन न होस त्यसपछि त्यो व्यक्ति यस भुभागमा हुन भन्ने कुरालाई रेखांकित गर्ने गरिएको छ । अर्थात समाजिक अवस्थाको परिवर्तनमा समेत भुमिकाहरु खेल्ने गरिएको छ ।

खास गरेर मिथिला क्षेत्रमा लगाइने वस्त्रभाभुषणको चर्चाहरु समेत विभिन्न ग्रन्थहरुमा रहेको पाइन । मिथिलाको क्षेत्रमा गाइने विभिन्न गितहरुमा वर्णन गरिने नायक वा नायिकाहरुको पोसाकको समेत चर्चा हुने गरिएको छ । कपडाको परम्परा प्रत्येक सभ्यता र समाजको एक महत्त्वपूर्ण भाग हो, जसलाई मानिसहरूले आफ्नो सांस्कृतिक, धार्मिक र सामाजिक पहिचानको रूपमा बुझ्छन् ।यसले ती समुदायहरुको संस्कृतिलाई मात्रै हैन उसको सभ्यता र सभ्यतामा आएको परिवर्तनालाई समेत बोध गराउने गरिएको छ । अर्थात यसलाई समेत प्रतिविलम्बीत गरिने गरिएको छ । सो समाजिक रुपान्त्रणको लागि एउटा महत्वपुर्ण अध्ययाको रुपमा समेत लिने गरिएको छ। अर्थात कुन समाजको पहिला कस्ता पोसाक थिए। त्यसमा के कस्ता खालका परिवर्तनहरु आए ती सबैलाई झल्काउने गरिएको छ । प्राचीन कालदेखि नै मानिसहरूले आफ्नो व्यक्तित्व सजाउन विभिन्न प्रकारका कपडा र गहनाहरू प्रयोग गर्दै आएका छन् । कपडाहरू सौन्दर्यशास्त्रसँग मात्र नभई धार्मिक र सांस्कृतिक परम्पराहरूसँग पनि सम्बन्धित छन् । प्रत्येक क्षेत्र र सभ्यताको आफ्नै विशिष्ट लुगा र गहना हुन्छ, जसले आफ्नो इतिहास, परम्परा र सामाजिक संरचना झल्काउँछ । मिथिलाको लोकगितहरुमा समेत यसको झझल्को पाउने गरिएको छ । खास गरेर महिलाहरुको सौन्दर्य होस वा पुरुषहरुको विरताको गाथा होस ती सबै कुरालाई समेत लोकगितहरुमा गाउने गरिएको छ । त्यसमा पोसाक र पहिनको चर्चा हुन्छ ।

मिथिलामा प्रचलित पोसाक र अलंकार तथा सौन्दर्य प्रसाधनको परम्पराका सम्बन्धमा विद्यापतिको कृतिमा उल्लेख छ भने चौथौं शताब्दीको ज्योतिश्वरव्दारा लेखिएको शब्दकोश वर्णरत्नाकरमा यी शब्दहरुको वर्णन गरिएको छ । यसको विशेषताहरुलाई समेत उल्लेख गरिएको छ। वर्णरत्नाकर ग्रन्थमा समेत केही झल्कोहरु पाउने गरिएको छ । जसले मिथिलाको ती पुरानो र परम्परागत पोसाकको विषयमा उल्लेख गरिएको छ । पुरुषहरुका लागि धोती धैरै पुरानो मानिन्छ र यसको प्रयोगको तरिका विविध थियो । यो हावापानी र वातावरण अनुसार यसको प्रयोगको सहजताको लागि पनि उपयुक्त छ । धोती माथि अचानक शरिरमा लगाउने चलन छ । धोती समेत मिथिलाको बाबाहरु अर्थात साधुहरुले लगाउने फरक रहेको छ भने अन्य पुरषहरुले लगाउने फरक रहेको छ । जसले यसको परम्परा र जातिय अनुसारले समेत लगाउने कुरालाई रेखांकित गर्ने गरिएको छ ।

वर्णरत्नाकरमा ज्योतिश्वरले पुरुषले लगाउने धोतीमा रेशमको धोती, पिताम्बर उल्लेख छ । उत्तरी कपडा लामो चारपेटहरूमा शरीरमा राखिएको थियो । खुट्टामा खडाउ लगाउने चलन छ । र यो परम्परा अझै पनि केही भागहरूमा अवस्थित छ । सुत्नका लागि खाट वा बेन्च प्रयोग गरिएको छ, राजदरबारमा वेतले बनाइएको पलंगमा ओछयान प्रयोग गगर्ने गरिएको छ । पुरुषहरु गमछा आफनो शररीलाई पुछनको लागि र कांधमा समेत राख्ने गरेका छन । जो अहिलेपनि मिथिला क्षेत्रमा सहजै हेर्न सकिन्छ । अहिलेपनि पुरुषहरु धोती र आफनो कांधमा गमछा राख्ने गरेका छन।

टाउकोमा पगडी लगाउने चलन सुरुदेखि नै छ र अहिले पनि छ । अहिलेपनि यो मिथिला क्षेत्रमा प्रचलित रहेको छ । खास गरेर पुरुषहरु अहिलेपनि पाग लगउने गरेका छन । तर यसको जातिय आधारमा समेत फरक फरक रुपमा हेर्न सकिन्छ । जो समाजिक परिवर्तनलाई समेत उल्लेख गरिएको छ । वर्णरत्नाकरहरूको अध्ययनले देखाउँछ कि पगडीका धैरै रूपहरू थिए र ती पगडी र मुरेठाका रूप हुन् । पुरुषले निधारमा छन वा तिलक लगाउने चलन आज राजपरिवार र उच्च वर्गमा प्रचलित थियो । अहिलेपनि मिथिलामा कुनै व्यक्तिहरु आ आफनो घरबाट बाहिर जादा टिका लगाउने र विदाई गरिने गरिएको छ भने मिथिला क्षेत्रमा स्नान पछि रातो ,पहिलो टिका लगाउने परम्परा रहेको छ । अर्को तर्फ साधुहरु भने आफनो गुरु शिष्य परम्परा अनुसार चल्दै आएको टिकाहरु ल्गाउने गरेका छन। पुरुषहरु जस्तै मिथिलाहरुले समेत आफनो फरक पोसाकको रुपमा लगाउने थाले । महिलाहरु



सारी,लहंका ,लगाउने थालिन । जो परपुर्वकालको पोसाकको रुपमा रहेको छ । तर राजघरानाका महिलाहरु भने पुरै जिउ छोप्ने गरि वस्त्रहरु लगाउने थाले । अर्को तर्फ महिलाहरु सौन्दर्यीको लागि विभिन्न खालको गहनाहरु समेत लगाउने थालिन। आभूषण पुरुष र महिला दुवैको लागि महत्त्वपूर्ण छ, विशेष गरी महिलाहरू । गहनालाई सुन्दरता बढाउन मात्र नभई परम्परागत, धार्मिक र सांस्कृतिक प्रतीकका रूपमा पनि लिइन्छ । मिथिलामा सुन, चाँदी र अन्य बहुमूल्य धातु र ढुङ्गाहरू विशेष गरी गहना बनाउन प्रयोग गरिन्छ । पुरुष र महिला समेत फरक फरक अनुसारले आभुषणहरु लगाउने गरेका छन । महिलाहरु आभूषणमा नथिया, पायल, चूड़ी, टिकुली, सिंदूरदान, मंगलसूत्र, कर्णफूल आदि लगाउने गरेका छन । तर त्योपनि समुदाय अनुसारले फरक फरक पाइने गरिएको छ । विशेष गरेर महिलाहरु पैसाको समेत मालाहरु ल्गाउने गरेका छन भने पुरानो समयमा चांदीका हसुली लगायतका गहनाहरु समेत लगाउने गरिएको छ । त यो कतै कतै अहिलेपनि देख्न सकिन्छ तर प्रया जसो लोप भईसकेको अवस्था रहेको छ । पुरुषहरु गहनामा औंठी, ब्रेसलेट, चेन र अन्य साधारण गहनागर्ने गरेका छन । जो मिथिलाको आभुषणहरुले समेत पहिचान गरेको अवस्था छ । मिथिलाको लोक गितहरुमा समेत महिलाहरुको आभुषणको वर्णन गरेको पाइन्छ । विभिन्न लोक गितहरुमा नायिकाहरुको विषयमा गरिने गरिएको वर्णनमा समेत उनिहरुको व्यक्तिहरुलाईको साथै उनिहरुको पोसाकको समेत वर्णन गरेको पाइन्छ ।

विभिन्न धार्मिक तथा साँस्कृतिक कार्यक्रममा पहिरन र गहनाको परम्पराले विशेष भूमिका खेल्छ । विशेष प्रकारका लुगा र गहना विशेष अवसरहरूमा, विवाह, चाडपर्व र अन्य समारोहहरूमा लगाइन्छ । विवाहमा नवविवाहित जोडीका लागि विशेष प्रकारका गरगहना र पहिरन अनिवार्य मानिन्छ । यी कपडा र गहनाहरूले तिनीहरूको विवाहको सुरुवात र अनुष्ठानहरूको पूर्तिलाई चिन्ह लगाउँछन् । खास गरेर महिलाहरु विभिन्न पर्वहरुमा लगाउने गहनाहरु फरक हुन्छ। अन्य दिनमा समान्य मंगलत सुत्र हसुलीहरु लगाउने गरिएको भएपनि घरमा हुने कुनैपनि प्रकारको उत्सवमा अर्कै खालको गहनाहरु समेत लगाउने गरेका छन । जसले मिथिलाहरुको सौन्दर्यता बढाउने कार्यहरु गर्ने गरेका छन ।

कपडा र गहनाहरू समयसँगै परिवर्तन र नवीकरण गरिएको छ । आधुनिक फेसन र डिजाइनको प्रभावले परम्परागत पहिरनमा परिवर्तन भइरहेको छ । यद्यपि, परम्परागत कपडा र गहनाहरू अझै पनि विशेष अवसरहरूमा सम्मानका साथ लगाइन्छ । कपडाको परम्परा व्यक्तिगत सौन्दर्यको अभिव्यक्त मात्र होइन, सामाजिक र सांस्कृतिक सम्पदाको पनि एउटा महत्वपूर्ण अंग हो, जुन पुस्तादेखि अर्को पुस्तामा सर्दै आएको छ । मिथिलामा क्षेत्र र जातिय हिसावले समेत पोसका र गहनाहरु रहने गरेको छ । तर आधुनकिताको प्रभावको कारणले गर्दा कपिपय पोसाकहरु लोप हुने अवस्थामा समेत पुगेको छ । जसको संरक्षणको आवश्यकता रहेको छ ।





# संसद्प्रति जनताको अपेक्षा र सांसदको दायित्व



हरिविनोद अधिकारी

**काठमाडौँ ।**

संसद् नै संसदीय व्यवस्थाको मुटु हो । संसद्ले नै सबै विवादहरुको समाधान शान्तिपूर्ण तरिकाले गर्छ र जनताको प्रतिनिधिको हैसियतले सरकारका सबै अङ्गहरुलाई नियन्त्रण र सन्तुलनका लागि पूर्वाधार तयार गर्छ । त्यसकारणले भनिन्छ, संसद् बिना प्रजातन्त्र चल्नै सक्दैन, प्रजातन्त्र बिना संसद्को कुनै अर्थ पनि हुँदैन ।

सङ्घीय संसद्का दुवै सदन–प्रतिनिधिसभा र राष्ट्रियसभाका बैठक यही माघ १८ गते शुरु भइसकेका छन् । २०७९ सालको आमनिर्वाचनपछिको सङ्घीय संसद्को पाँचौँ अधिवेशन हो । यो अधिवेशनलाई विधेयक अधिवेशनका रुपमा हेरिएको छ । पहिलेदेखि संसद्का दुवै सदनमा रहेका, यसबीचमा प्रस्तुत भएका अध्यादेशहरु र विधेयक स्वीकृतिका लागि मन्त्रिपरिषद्मा विचाराधीनसमेत गरी झन्डै पाँच दर्जन कानुन बन्ने क्रममा देखिन्छन् । अधिवेशनको पहिलो दिन नै छवटा अध्यादेश दुवै सदनमा प्रस्तुत भइसकेका छन् ।

स्मरणीय छ, अध्यादेशको कानुनी उमेर बढीमा छ महिनाको हुन्छ, छ महिनाभित्रमा संसद्मा प्रस्तुत भएन भने यो स्वतः निष्क्रिय हुन्छ । छ महिनाभित्रैमा संसद्मा प्रवेश गरेमा ६० दिनभित्रमा संसद्ले सदर या बदर गरिसक्नुपर्छ । विसं २०८१ असारको अन्त्यमा बनेको नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली नेतृत्वको नेपाली कांग्रेस सम्मिलित सरकारको कार्यावधि झन्डै सात महिना हुन लाग्यो । यसबीचमा सरकारले थालनी गरेका कतिपय कामहरुको कार्यान्वयनमा देखिएका कानुनी अड्चनहरुको समाधान खोज्न पाँचवटा अध्यादेश ल्याइएको छ । संविधानअनुसार संसद् नबसेको बेलामा आवश्यक परेर अध्यादेश ल्याएको हो, करिब दुई दर्जनभन्दा बढी ऐनमा संशोधन गर्नका लागि विभिन्न विषय समेटेर ती अध्यादेशहरु ल्याइएका छन् ।

सैद्धान्तिक कुरा गर्दा प्रत्येक लोकतान्त्रिक सरकारले संसद्को अधिवेशन नबसेको बेलामा, आवश्यकताअनुसार कुनै पनि बेला तत्काल चाहिएको कानुन भए राष्ट्रपतिमार्फत जारी गराउने संसदीय परम्परा छ । नेपालमा पनि त्यो परम्परा छ । संसद्को अधिवेशन कहिले बोलाउने भन्ने पनि हाम्रो संविधानअनुसार सरकारले अधिवेशनको मिति तोकेर राष्ट्रपतिमार्फत आह्वान गराउने परम्परा छ । त्यही अनुसार संसद्को अधिवेशन पनि बोलाइएको हो र केही दिनपहिले मात्र आवश्यक परेको भनेर अध्यादेश पनि जारी गरिएको हो । अध्यादेशको विरोध गर्नुभन्दा त्यसलाई कसरी जनमुखी बनाउन सकिन्छ भन्नेमा प्रतिपक्षी सांसदहरुले सुझाव दिन सक्छन् ।

यो अधिवेशनमा विभिन्न ऐनहरु बन्ने क्रममा छन् जसमा सबैभन्दा बढी चर्चित विद्यालयसम्बन्धी ऐन, प्रहरी ऐन, निजामती ऐन, सहकारी ऐन, मिडिया काउन्सिल ऐन, सामाजिक सञ्जाल ऐन र भूमिसम्बन्धी ऐन हुनेछन् । भर्खरै राष्ट्रियसभामा मिडिया कानुन विधायन समितिको सुझावसहित प्रस्तुत भएको छभने सरकारले सामाजिक सञ्जालसम्बन्धी विधेयक संसद्मा दर्ता गरेको छ । तिनका बारेमा चर्चा र निर्णय तत्काल आवश्यक परेको देखिन्छ । जहाँसम्म विद्यालयसम्बन्धी ऐनको कुरा छ, आज पनि पञ्चायतकालीन नयाँ शिक्षा योजना लागू गर्न ल्याएको शिक्षा ऐन २०२८ विभिन्न संशोधनमार्फत लागू भइरहेको अवस्था छ । बदलिँदो अवस्थामा विद्यालय ऐन मात्र होइन, विश्वविद्यालयहरुका लागि आवश्यक ऐनहरु पनि बन्नु जरुरी छ । त्यस्ता अनेक ऐन बन्न बाँकी छन्, जसले मौलिक हकको व्यवस्थामा बाधा पुर्‍याइरहेका छन् ।

विभिन्न विधेयक समितिहरुमा अड्केको अवस्था छ । अनि संसद्को अधिवेशन समाप्त भएपछि कतिले फेरि संसद्मा प्रवेश नै पाएका हुँदैनन् । या त सरकारको प्राथमिकतामा पर्दैनन्, या त संसद्को प्राथमिकतामा पर्दैनन् । जस्तो कि अध्यादेशका बारेमा संविधानमा नै स्पष्ट व्यवस्था छ, यदि संसद्मा प्रवेश गरेको ६० दिनमा पनि पारित भएन भने त्यो स्वतः निष्क्रिय हुन्छ र फेरि नयाँ विधेयक बनाएर ल्याउनुपर्छ या अध्यादेशका रुपमा कार्यान्वयन गराउनुपर्छ ।



त्यसैगरी, विधेयकमा पनि त्यस्तै प्रावधान राखिनु जरुरी छ । अहिलेको अध्यादेश आवश्यक परेर ल्याएकाले र तत्काल पारित नगरे कार्यान्वयनका लागि जटिलता थपिन्छ भनेर शीघ्र प्रक्रियाबाट पारित गराउने भनेर सत्तापक्षले भन्दै आएको छ र जुन संसद्मा विचाराधीन छ । संसद् सकारात्मक रुपमा विवादको समाधान खोज्ने थलो हो, जहाँ सांसदहरुले विचार मन्थन गरेर कानुन बनाउँछन् र समसामयिक रुपमा मुलुकका लागि अति आवश्यक विषयमा कानुन, सङ्कल्प र विभिन्न सिद्धान्तहरु प्रतिपादन गरिन्छन् । तर संसद्लाई नै बन्धक बनाउने गरी कैयौँ दिनसम्म संसद् अवरोध गरेर कुनै सानोतिनो विषयमा अनावश्यक विवाद गर्ने काम नगरियोस् भन्ने चाहना आम नागरिकमा हुन्छ । नागरिकको चेतना धेरै उन्नत छ । संसदीय व्यवस्थामा संसद्ले नै हो जनताका भावनाको प्रतिनिधित्व गर्ने । सरकार बनाउने र सरकारलाई बाटो देखाउने । सङ्ख्याको हिसाबले कहिले को पक्ष होला, कहिले को विपक्ष होला, को सरकारमा होला, को सरकारको विपक्षमा होला, तर संसद्ले जनताको प्रतिनिधित्व गरिरहेको हुन्छ जहिले पनि । यो हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनका रुपमा प्रयोग गरौँ, संसद्लाई सरकारले 'बिजिनेस' दिनैपर्छ । विधेयकहरु रोकेर नराख्ने हो भने अध्यादेश सायदै आउला । त्यसैले यो अधिवेशनमा विवादभन्दा संवादमा जाउँ र जनताका आवश्यकता पूरा गर्न सरकारलाई झक्झकाऔँ ।



**संसद्मा राजनीतिक सहनशीलता**

संसद्मा अभिव्यक्ति स्वतन्त्रता नै राजनीतिक सहनशीलता र राजनीतिक उदारताको आधार स्तम्भ हो । शिष्टताका साथ मनमा लागेका कुराहरु भन्ने र आलोचना सुन्ने सुनाउने क्षमता नै अभिव्यक्ति स्वतन्त्रता हो । पक्ष र विपक्षका भनाइ र त्यहाँ हुने कटाक्ष अनि आवश्यकता परे मतदान र हारजित नै निरापद क्षमता बढाउने (इम्युन) र प्रतिरक्षा क्षमता बढाउने प्रक्रिया हो, जसले सहनशीलताको स्तर वृद्धि गर्दछ । प्रत्येक दलले आफ्ना सांसदलाई लगाम लगाउँछ, आदेश जारी गर्दछ कि यसो गर्ने वा यसो नगर्ने भनेर । विपक्षीहरुको काम कर्तव्यहरुले पनि सरकारलाई र सत्ताधारी दललाई सहनशील र अझ जिम्मेवार बनाउँछ । सभाध्यक्षले पक्षपात नगरी सहनशीलतालाई वृद्धि गर्दछन् । हाम्रो संविधानले संसद्लाई विशेषाधिकार दिएको छ, संसद्मा बोलिएका कुराहरुका आधारमा कानुनी उपचार खोज्न पाइँदैन र कतै कुनै अदालतमा उजुरबाजुर गर्न पाइँदैन । राजनीतिक सहनशीलता लोकतन्त्रको पहिलो सिद्धान्त नै हो । राजनीतिक विचारहरुको सहमति र सदाशयतालाई एउटै स्वरुप दिनका लागि राजनीतिक सहनशीलता वा राजनीतिक उदारता आवश्यक पर्दछ । आपसमा देखिने विवाद वा द्वन्द्वको समाधानका लागि पहिलो र आवश्यक तत्व नै राजनीतिक सहनशीलता वा राजनीतिक उदारता हो जसले आवश्यकताबमोजिम कसैसँग वार्ता वा छलफल गर्न र समस्या समाधानका लागि अघि बढ्न सक्षमता प्रदान गर्दछ ।



राजनीतिक सहनशीलता कसरी प्राप्त गर्न सकिन्छ ? राजनीतिक संस्कृतिको विकासबाट । राजनीतिक संस्कृतिको विकास कसरी सम्भव छ त ? शिक्षाबाट, अभिव्यक्ति स्वतन्त्रताबाट र सञ्चारकामाध्यमबाट । राजनीतिक सहनशीलता सबै दलका नेताहरुमा जरुरी छ । सङ्घीय संसद्को अधिवेशन सुरु भएकै दिन राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा निलम्बित प्रतिनिधिसभाका सांसद रवि लामिछानेले सभामुख देवराज घिमिरेसमक्ष आफ्नो निलम्बन फुकुवा गरेर नियमित रुपमा संसद्का कार्यमा सक्रिय हुन पाउने गरी भेटेरै निवेदन दिएका छन् र त्यो निवेदन महासचिवका नाममा दिएका हुन् । उनको विचारमा थुनाबाट आफू धरौटीमा छुटेकाले नियमित रुपमा संसदीय कारबाहीमा फर्कन पाउनुपर्ने भन्ने छ ।

संसद् नै संसदीय व्यवस्थाको मुटु हो । संसद्ले नै सबै विवादहरुको समाधान शान्तिपूर्ण तरिकाले गर्छ र जनताको प्रतिनिधिको हैसियतले सरकारका सबै अङ्गहरुलाई नियन्त्रण र सन्तुलनका लागि पूर्वाधार तयार गर्छ । त्यसकारणले भनिन्छ, संसद् बिना प्रजातन्त्र चल्नै सक्दैन, प्रजातन्त्र बिना संसद्को कुनै अर्थ पनि हुँदैन । संसद् स्वतन्त्र हुन्छ, यति शक्तिशाली हुन्छ कि कार्यपालिकाको निरङ्कुशता र न्यायपालिकाको गलत निर्णयहरुको उपचार खोज्नका लागि नयाँ नयाँ कानुन बनाउने काम गर्छ । यस अधिवेशनलाई परिणाममुखी बनाउन सकिएमा आवश्यक कानुनहरु पारित हुनाका साथै संसद्प्रतिको जनविश्वास अझ बढेर जानेछ । तसर्थ, संसद्को सदुपयोग गर्नका लागि सबै सांसदलाई सजग गराउनु नागरिक समाजको कर्तव्य हो र सञ्चारकर्मीहरुको दायित्व हो । (लेखक राजनीतिक विश्लेषक हुन्) रासस

# बगरखेतीले फेरिँदै किसानको जीवन

भुपेन्द्र विक



बर्दियास्थित राजापुर र कैलालीको टीकापुर सीमामा पर्ने कर्णाली नदीका कारण बर्सेनि आसपासको खेतीयोग्य जमिन बगरमा परिणत हुँदै आएको छ । यसरी बगरमा परिणत भएको क्षेत्रमा अहिले पनि बालुवा नै बालुवा थुप्रिएका देखिन्छन् । धेरैजसो बगर उपयोगविहीन छ । राजापुरसँग जोडिएको कैलालीको टीकापुर–८ फाँटाका किसानहरूले भने त्यही बगरलाई पसिना सिञ्चित गरी जीविकोपार्जनका लागि उपयोग गरिरहेका छन् । ३ वर्षअघिसम्म मरुभूमि झैं देखिने यो क्षेत्र अचेल यहाँका किसानका लागि आम्दानीको स्रोत बनेको छ । हिजो बालुवा नै बालुवा देखिने यो बगरमा अचेल मौसमअनुसार तरकारीखेती गरी किसानले आम्दानी गरिरहेका छन् । यो बगरमा अचेल कहिले लौका, काँक्रा, तरबुजा त कहिले प्याज फल्छन्, जसले किसानको जीवनशैली फेरिँदै गएको छ ।

विसं २०६४ को बाढीले यहाँका किसानको खेतीयोग्य जमिन कटान गरी क्षति पुर्‍याएकामा त्यसयता त्यो क्रम निरन्तर जारी छ । यहाँका धेरैजसो किसानको सबै खेती बगाएपछि आर्थिक उपार्जनको कुनै उपाय थिएन । पछिल्ला समय कर्णाली नदीले कैलालीतर्फको धार परिवर्तन गर्दै बर्दियातर्फ मोडिएपछि त्यही बगरमा खेती गरेर ती किसानले आफ्नो गर्जो टारिरहेका छन् । ३ वर्षदेखि यहाँ बगरखेती हुँदै आएको छ ।



स्थानीय सोहदी चौधरीले भने पहिलोपटक यस वर्षदेखि बगरखेती शुरु गर्नुभएको छ । छोरी सेती चौधरीले प्रेरित गरेपछि उहाँ यसतर्फ आकर्षित हुनुभएको हो । छोरी सेतीले



गत वर्ष घरअगाडिको खाली बगरमा नौ किलोग्राम प्याज रोपेर चार क्विन्टल उत्पादन गर्न सफल भएपछि आमाले पनि उत्साहित हुँदै १५ केजी प्याजको बीउ रोप्ने आँट गरेको सोहदीले बताउनुभयो । 'छोरीले राम्रो कमाई गरेपछि मैले पनि हिम्मत जुटाएँ । पहिलोपटक बगरमा खेती गर्दैछु, हेरौं राम्रै होला भन्ने अपेक्षा छ', उहाँले खुसी हुँदै भन्नुभयो । यहाँ ३ वर्षअघि खेती गर्ने किसानमध्ये एक थिए शाहीबहादुर चौधरी ।

बगरखेतीबाट मनग्य आम्दानी हुन थालेपछि उहाँको सम्पूर्ण परिवार यसै कार्यमा लागेको छ । 'ती वर्षअघि यो बगरमा हामीले नै पहिलोपटक खेती गरेका थियौं । राम्रो कमाई हुन थालेपछि अहिले मेरो सातजनाको परिवार यही खेतीमा लागेका छौं । हाम्रो प्रगति देखेर पछिल्लो समय यस क्षेत्रका अन्य किसान पनि आकर्षित हुँदै गएका छन्', चौधरीले भन्नुभयो ।

उहाँले यसपटक आफूले ३० क्विन्टल प्याज फलाउने लक्ष्यसहित खेती गरेको बताउनुभयो ।

बडघर अजय चौधरीका अनुसार यहाँ सोहदी, सेती र शाहीबहादुर मात्र नभई ५४ परिवार किसानहरूले हाल बगरखेती गरिरहेका छन् । 'पहिले उहाँहरूले ज्याला मजदुरी गरेर जीविकोपार्जन गरिरहनुभएको थियो । पछिल्लो ३ वर्षयता भने उहाँहरूले बगरखेती गर्न थाल्नुभएको छ । सबै जनाले राम्रो आम्दानी गरिरहनुभएको छ', उहाँले भन्नुभयो ।

किसान मीना चौधरीले आफूहरूले मौसमअनुसार लौका, काँक्रा, तरबुजा र प्याजखेती गरिरहेको बताउनुभयो । उहाँले उत्पादित सामग्री बिक्रीका लागि किसानलाई कुनै समस्या नभएको सुनाउनुभयो । 'हामीलाई बजारको कुनै चिन्ता छैन, उत्पादन गरे पुग्छ । नेपालगञ्ज, राजापुर, लम्की र टीकापुरसम्मका व्यापारीहरू गाडी लिएर आफैं खरिद गर्न आउँछन्', चौधरीले भन्नुभयो, 'व्यापारीहरू नै यही आएर राम्रो मूल्य दिएपछि धेरै सहज भएको छ । उत्पादन गरेको सामग्री कसरी बेच्ने होला भनेर चिन्ता नहुने भएपछि खेतीमै ध्यान दिए पुग्छ ।'

बजारको समस्या नभए पनि यहाँका किसानलाई सिँचाइको समस्या भने टड्कारो छ । यो समस्या समाधान भएमा आफूहरूले थप ऊर्जासहित काम गर्ने बताउनुहुन्छ, रतरानी चौधरी । 'नदीछेउमै घर छ, जमिनका नाममा यही बगर हो । पछिल्लो यही बगरमा पसिना चुहाएर जीविको चलाइरहेका छौं तर सिँचाइको समस्याले निकै चुनौती छ । कति दिनसम्म बाल्टीमा पानी बोकेर सिँचाइ गर्नु', उहाँले दुखेसो पोख्नुभयो, 'उसै त बालुवामा धेरै पानी चाहिने, बाल्टिको पानी त बालुवाले एकै छिनमा सोस्छ । प्याज र तरकारी खेतीमा धेरै पानी चाहिने भएकाले सरकारले सिँचाइको व्यवस्था गरिदिए सहज हुन्थ्यो ।'

स्थानीय पार्वती चौधरी पनि सिँचाइ व्यवस्थाका लागि सहयोग गर्न स्थानीय सरकार र सरोकारवालालाई आग्रह गर्नुहुन्छ । 'सिँचाइको राम्रो व्यवस्था भए, हामी अझ धेरै खेती गरेर राम्रो आम्दानी गर्न सक्थ्यौं ।' प्रत्यक्ष रुपमा हामीलाई फाइदा भए पनि यसको लाभ त अरुलाई पनि हुन्थ्यो नि !', उहाँले भन्नुभयो । बगरखेतीले फाँटाका किसानहरूको जीवनमा नयाँ उत्साह ल्याएको छ । किसानहरूले बगरमा पसिना सिञ्चन गरी राम्रो आम्दानी गरिरहेका छन् । यसले किसानको आर्थिक स्थिति सुधारका साथै ग्रामीण अर्थतन्त्रलाई पनि गतिशील बनाएको छ । यदि सिँचाइको उचित प्रबन्ध हुने हो भने यस कार्यले फाँटा गाउँ र समुदायको समृद्धिमा थप टेवा पुर्‍याउने अपेक्षा गरिएको छ ।



### सुन्तला खेतीमा रमाएका पूर्व शिक्षक

म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका–१ बाँसखर्कको बजारमारेका जगतबहादुर खत्रीलाई चार दशकअघि सुन्तला खेती शुरु गर्दा परिवारका सदस्य र छिमेकीले भोकै बस्नुपर्ला भनेर डर देखाएका थिए । 'सुन्तला मात्रै लगाएपछि अन्न खान पाइँदैन भनेर गाली पनि खाएँ, डर लाग्यो', खत्री भन्नुहुन्छ, 'यो वर्ष मात्रै रु ४० लाखको सुन्तला बेचिसके । सबै बगैंचाको बिक्री गर्दा रु ४५ लाख पुग्ने अनुमान छ ।' खत्रीको ३६ रोपनी क्षेत्रफलमा फैलिएको जग्गामा एक हजार पाँच सय ९३ बोट सुन्तलाका बिरुवा छन् । यस वर्ष चार सय ८० बिरुवाले ३४ हजार किलोग्राम सुन्तला उत्पादन दिएका छन् ।

सबै बोटमा फल लाग्दा वार्षिक एक करोड रुपैयाँ बढीको सुन्तला बिक्री हुने उहाँ बताउनुहुन्छ । प्रतिकिलो एक सय २० रुपैयाँका दरले बगैंचाबाटै काठमाडौंका व्यापारीले सुन्तला किनेर लगेका छन् । यतीबेला खत्रीलाई सुन्तला टिपेर बजार पठाउने चटारो छ ।

बाबुबाजेले देखाएको बाटोले सेवानिवृत्त शिक्षक खत्रीको परिवारमा परिवर्तन ल्याएको हो । विसं १९९७ सालमा खत्रीका हजुरबाले बाँसखर्कमा पाँच वटा सुन्तलाका बिरुवा रोप्नुभएको थियो । त्यतिबेला निकै मिठो भएकाले धेरैले मागेर खान्थे । बाबु मीनबहादुर खत्रीले विसं २०३३ मा बारीमा २५ वटा बिरुवा थप्नुभयो । त्यसले पाँच वर्षमै राम्रो उत्पादन दियो । सुन्तलाले गाउँघरमै बजार पायो । सजिलै बिक्री भएपछि नगद हात पारेर घरव्यवहार चलाउन सजिलो भयो । विदेश जानु नपर्ने, सहर झर्न पनि नपर्ने गरी खत्री परिवारले गाउँमा सुन्तलाबाटै लाखौं कमाइ गरिरहेका छन् । खत्रीले हरेक वर्ष बिरुवा थप्दै जानुभएको छ । पहिला कोदो, मकै र धान खेती गर्ने सबै बारीमा सुन्तलाका बोट मात्र छन् । घर र आँगनबाहेक सबै खेतबारीमा सुन्तला हुर्केका छन् । नजिकैको खरबारीसमेत भरिएको छ । पैतीस वर्ष शिक्षक रहँदा खत्रीले गाउँमै बसेर सुन्तलामा लगानी गर्नुभएको थियो । निवृत्त जीवन पनि उहाँले सुन्तला खेतीमै लगाउनुभएको छ । चार छोरी विवाह गरेर घर गए । स्नातक पढेका छोरा राजन, बुहारी सहित खत्रीका सबै परिवार सुन्तला खेतीमा तल्लीन छन् । खत्री मात्र नभएर बाँसखर्कका धेरै कृषकले सुन्तला खेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका छन् । बीस रोपनीमा नौ सय ५० बोट सुन्तला लगाएका बाँसखर्कका शान्तबहादुर छिन्तेलले २३ लाख रुपैयाँ र आठ सय बोटको बगैँचा भएका हेमकुमार अर्मजाले ३० लाख रुपैयाँको सुन्तला बिक्री भएको बताउनुभयो ।

समुन्द्र सतहदेखि एक हजार एक सयदेखि एक हजार नौ सय मिटर उचाईमा रहेको बाँसखर्कका दुई सय ३९ मध्य दुई सय घरपरिवारले सुन्तला खेती गरेका छन् । एक वटा परिवारले वार्षिक कम्तीमा रु पाँच लाखको सुन्तला बेच्छन् ।

बाँसखर्कको एक हजार पाँच सय रोपनी जग्गामा सुन्तला खेती भएको वडा अध्यक्ष जगतबहादुर रोकाले बताउनुभयो । छब्बीस हजार सात सय छ वटा बोटमा यस वर्ष १८ करोड ४४ लाख मूल्य बराबरको सुन्तला फलेको उहाँले बताउनुभयो । बाँसखर्कमा ५१ हजार एक सय ५१ सुन्तलाका बोट छन् ।

चौबीस हजार चार सय ४५ बोट सुन्तलाका बोटमा फल लाग्न बाँकी छ । देशका अन्य ठाउँको बगैंचा रित्तिएपछि व्यापारीहरूले बाँसखर्कको सुन्तला किनेर लैजान्छन् । पोखरा, काठमाडौं र चितवनका ठूला व्यापारी बाँसखर्कमा सुन्तला किन्न आउँछन् । बेनी देखि बगरफाँट हुँदै बाँसखर्क जोड्ने सडक स्तरोन्नति, सिँचाइँको नियमित र व्यवस्थित सुविधा हुने हो भने थप सुन्तला खेती विस्तार गरेर आम्दानी वृद्धि गर्न सकिने बाँसखर्कका कृषकले बताएका छन् ।

रासस

# अर्थ मन्त्रालयको अर्धवार्षिक मूल्याङ्कन



**काठमाडौँ ।**
सरकारले सार्वजनिक खर्च अपेक्षाकृत रूपमा बढ्न नसक्नुका १० वटा कारण पहिचान गरेको छ । अर्थ मन्त्रालयले बिहिबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनमा बजेट तर्जुमा गर्दा पूर्वतयारी पूरा भएका आयोजनामा मात्र विनियोजन हुन नसक्नुलगायतका कारण उल्लेख गरेको हो ।

यस्तै, वन क्षेत्रको उपयोग, आयोजना स्थलको जग्गा प्राप्ति, मुआब्जा निर्धारण र वितरण, क्षतिपूर्तिलगायत प्रक्रिया पूरा नभएका आयोजनामा समेत बजेट विनियोजन गर्ने प्रवृत्ति विद्यमान रहेकाले सार्वजनिक खर्चमा अपेक्षित सुधार नभएको स्पष्ट पारिएको छ । आयोजनाको निर्माण गर्ने मोडालिटी, कूल लागत, विस्तृत आयोजना प्रतिवेदन र आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक तथा भौगर्भिक पक्षको वस्तुगत विश्लेषण एवम् मूल्याङ्कन गरी बजेट प्रस्ताव गर्न नसकेका कारण बजेट कार्यान्वयन कार्ययोजनाको परिपालना हुन नसक्नुलाई पनि मन्त्रालयले कारणको रूपमा पहिचान गरेको छ ।

‘स्रोत सुनिश्चित भएका आयोजनाहरूमा न्यून बजेट प्रस्ताव गर्ने र प्राप्त बजेट सीमाबाट नयाँ आयोजना प्रस्ताव गरी आयोजनाको संख्या बढाउँदै जाँदा सिर्जित दायित्व भुक्तानीमा समस्या आउनुका साथै अधुरा आयोजना बढ्न गई समग्र खर्च व्यवस्थापन चुनौतिपूर्ण हुँदै गएको छ’, अर्थ मन्त्रालयले भनेको छ ।संविधानको परिकल्पनाअनुसार तीनै तहका सरकारका बीचमा पर्याप्त समन्वय र सहकार्य हुन नसक्दा सामाजिक सुरक्षाका कार्यक्रम, कतिपय अनुदानका कार्यक्रम र विकास आयोजनाहरू समेत दोहोरो पर्न गई खर्चको प्रभावकारिता एवम् स्रोतको समन्यायिक वितरणमा समेत नकारात्मक असर पर्न गएको स्पष्ट पारिएको छ । विकास आयोजनामा आयोजना प्रमुखलगायत कर्मचारीको समयमा पदपूर्ति नहुने, छिटो छिटो सरूवा हुने, निर्माण सामग्रीको निर्वाध उपलब्धता नहुने र श्रमिक व्यवस्थापनसम्बन्धी कार्य समयमै हुन नसक्ने प्रवृत्ति कायमै रहनु पनि कम खर्चको कारक बनेको अर्धवार्षिक समीक्षामा उल्लेख छ । कतिपय निकायको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, निर्देशिका, मापदण्डलगायतका कानूनमा संशोधन वा नयाँ कानून तर्जुमा समयमै हुन नसकेका कारण अर्धवार्षिक अवधिसम्म पनि खर्चको आधार नै तय नहुने अवस्था रहेको मन्त्रालयको ठहर छ । वैदेशिक स्रोतमा सञ्चालित आयोजनामा सरकारको तर्फबाट व्यहोरिने समपूरक कोषको रकम न्यून प्रस्ताव हुने गरेको र वैदेशिक सहायताबाट सञ्चालित कतिपय आयोजनामा विकास साझेदारले निर्धारण गरेको खरिद प्रक्रिया र लेखाङ्कनसम्बन्धी व्यवस्था पालना नहुँदा तोकिएको शर्त पूरा नभई समयमै शोधभर्ना प्राप्त हुन नसकेको मन्त्रालयले जनाएको छ । कतिपय नयाँ आयोजना तथा कार्यक्रमका लागि अवण्डामा राखेको रकम समयमा बाँडफाँट हुन नसक्दा आयोजना कार्यान्वयनमा ढिलाई हुने गरेको छ । राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयगत विकास समस्या समाधान समितिबाट पहिचान भएका समस्या समाधानका लागि प्रस्तावित सुझाव कार्यान्वयन हुन नसक्दा सोही समस्या दोहोरिएको समीक्षामा स्पष्ट पारिएको छ ।

# भित्रियो सात खर्ब ६३ अर्ब विप्रेषण







चालु आर्थिक वर्षको छ महिनाको अवधिमा सात खर्ब ६३ अर्ब आठ करोड रुपैयाँ बराबरको विप्रेषण आप्रवाह भएको छ । अर्थ मन्त्रालयले बिहिबार सार्वजनिक गरेको चालु आवको अर्धवर्षिक मूल्याङ्कन प्रतिवेदनअनुसार, विप्रेषण आप्रवाह (नेपाली मुद्रामा) चार दशमलव एक प्रतिशतले वृद्धि भएको हो । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २२ दशमलव दुई प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा खुद ट्रान्सफर चार दशमलव दुई प्रतिशतले वृद्धि भई आठ खर्ब ३२ अर्ब ७६ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २१ दशमलव एक प्रतिशतले बढेको थियो । अर्थ मन्त्रालयका अनुसार समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ) लिने नेपालीको संख्या ११ दशमलव सात प्रतिशतले वृद्धि भई दुई लाख ३० हजार चार सय ३९ कायम भएको छ । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्यामा समीक्षा अवधिमा २१ दशमलव चार प्रतिशतले वृद्धि भई एक लाख ६२ हजार ६ सय २८ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या छ प्रतिशतले घटेको थियो । यसरी वैदेशिक रोजगारीमा जानेको संख्या अघिल्लो वर्षको छ महिनाको तुलनामा १५ दशमलव पाँच प्रतिशतले बढेको छ ।

यस्तै, समीक्षा अवधिमा शोधनान्तर स्थिति दुई खर्ब ४९ अर्ब २६ करोड रुपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति दुई खर्ब ७३ अर्ब ५२ करोड रुपैयाँले बचतमा थियो । गत पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तको २० खर्ब ४१ अर्ब १० करोड रुपैयाँको तुलनामा १३ दशमलव पाँच प्रतिशतले वृद्धि भई २३ खर्ब १६ अर्ब ८४ करोड रुपैयाँ कायम भएको छ ।

उक्त सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड अमेरिकी डलर रहेकोमा १० दशमलव तीन प्रतिशतले वृद्धि भई २०८१ पुस मसान्तमा १६ अर्ब ८४ करोड अमेरिकी डलर कायम भएको छ । यो सञ्चिति १७ दशमलव तीन महिनाको वस्तु आयात र १४ दशमलव चार महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने देखिन्छ । गत पुस मसान्तमा कायम कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २४ दशमलव तीन प्रतिशत रहेको छ ।

यस्तै, कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३१ दशमलव आठ प्रतिशतले वृद्धि भई ९८ अर्ब ७९ करोड रुपैयाँ कायम भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यातमा सात दशमलव दुई प्रतिशतले कमी आएको थियो । यो अवधिमा सोयाविन तेल, चिया, पोलिस्टर यार्न तथा थ्रेड, पार्टिकल बोर्ड, अलैंची लगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, जिंक सिट, अदुवा, तयारी पोशाक, जडीबुटी लगायतका वस्तुको निर्यात घटेको छ ।

त्यस्तै, कुल वस्तु आयात सात दशमलव एक प्रतिशतले वृद्धि भई आठ खर्ब २२ अर्ब ३७ करोड रुपैयाँ कायम भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात तीन दशमलव एक प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा कच्चा भटमास तेल, चामल, धान, यातायात उपकरण, सवारी साधन तथा अन्य सवारी साधनका स्पेयर पार्टस्, स्पन्ज आइरन, खाने तेल लगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, कच्चा पाम तेल, सुन, रासायनिक मल, केराउ लगायतका वस्तुको आयात घटेको छ । समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटामा चार दशमलव चार प्रतिशतले वृद्धि भई सात खर्ब २३ अर्ब ५८ करोड रुपैयाँ कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा दुई दशमलव छ प्रतिशतले घटेको थियो ।

# छ महिनामा छ खर्ब ६७ अर्ब ६० करोड खर्च



चालु आर्थिक वर्षको छ महिनामा छ खर्ब ६७ अर्ब ६० करोड ७८ लाख रुपैयाँ बजेट खर्च भएको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनअनुसार आव २०८१÷८२ मा १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख रुपैयाँ बजेट विनियोजन भएकोमा २०८१ पुस मसान्तसम्म कूल विनियोजनको ३५ दशमलव ८९ प्रतिशत खर्च भएको छ ।

चालु आर्थिक वर्षको छ महिनासम्मको समग्र खर्च विगत वर्षको सोही अवधिको तुलनामा १७ दशमलव ६६ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा सरकारको स्रोततर्फ छ खर्ब १८ अर्ब ५१ करोड ४३ लाख रुपैयाँ खर्च भएको छ । जुन गत आर्थिक वर्षको खर्चको तुलनामा १५ दशमलव ८६ प्रतिशतले बढी हो । वैदेशिक अनुदानतर्फ सात अर्ब ७१ करोड ९२ लाख रुपैयाँ खर्च भई गत आर्थिक वर्षको तुलनामा ४३ दशमलव ७९ प्रतिशतले बढी खर्च भएको छ । चालु आर्थिक वर्षको पुस महिनासम्मको अवधिमा मन्त्रालय अन्तर्गतका आयोजनाको लागि एक खर्ब १ अर्ब ९६ करोड ५५ लाख रुपैयाँको स्रोत सहमति प्रदान गरिएको छ । गत आर्थिक वर्षसम्मको सिर्जित दायित्व २८ अर्ब ५१ करोड ९० लाख रुपैयाँ भुक्तानी दिन बाँकी रहेकोमा समीक्षा अवधिसम्म २२ अर्ब २२ करोड ८९ लाख रुपैयाँ भुक्तानीका लागि स्रोत व्यवस्थापन गरिएको छ । बाँकी रकमको पनि स्रोत व्यवस्थापन गरी दायित्व भुक्तानी गर्न सहजीकरण गरिएको छ ।

अर्थ मन्त्रालयका अनुसार विभिन्न मन्त्रालयबाट अनुरोध भई आएका ६४ वटा ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डमा राय तथा सहमति प्रदान गरिएको छ । बजेट प्रणालीलाई व्यवस्थित गर्न तथा सार्वजनिक खर्चमा एकरूपता कायम गर्नका लागि कार्य सञ्चालन निर्देशिका, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जानकारी दिनुभयो । समीक्षा अवधिमा छ खर्ब ७२ अर्ब ८० करोड ९४ लाख रुपैयाँ राजस्व प्राप्तिको अनुमान रहेकोमा यस अवधिमा विविध प्राप्ति समेत गरी जम्मा पाँच खर्ब ६७ अर्ब ३९ करोड ७३ लाख रुपैयाँ सङ्कलन भएको छ । यो रकम राजस्व प्राप्ति अर्धवार्षिक लक्ष्यको तुलनामा ८४ दशमलव ३३ प्रतिशत र गत आर्थिक वर्षको सोही अवधिसम्मको राजस्व सङ्कलन पाँच खर्ब १५ अर्ब ३९ करोड ७६ लाख रुपौयाँको तुलनामा करिव १० दशमलव शुन्य नौ प्रतिशतले अधिक छ । गत पुस मसान्तसम्म आन्तरिक ऋण प्राप्ति एक खर्ब ८१ अर्ब ५ करोड रुपैयाँ र आन्तरिक ऋणको साँवा भुक्तानी एक खर्ब २७ अर्ब २४ करोड रुपैयाँ भई खुद आन्तरिक ऋण परिचालन ५३ अर्ब ८१ करोड रुपैयाँ भएको छ ।

चालु आर्थिक वर्षमा सार्वजनिक ऋणको सावाँ व्याज भुक्तानीमा चार खर्ब दुई अर्ब ८५ करोड बजेट विनियोजन भएकोमा पुस मसान्तसम्म एक खर्ब ८२ अर्ब ४० करोड रुपैयाँ भुक्तानी भएको छ । जुन वार्षिक बजेट विनियोजनको तुलनामा ४५ दशमलव २८ प्रतिशत हो भने गत आवको कूल गार्हस्थ उत्पादनको तुलनामा कूल ऋण सेवा खर्च तीन दशमलव २० प्रतिशत हुन आउँछ । चालु आर्थिक वर्षमा दुई खर्ब ७० अर्ब रुपैयाँ विकास सहायता परिचालन गर्ने अनुमान गरिएकामा समीक्षा अवधिसम्म ४९ अर्ब ९ करोड ३५ लाख रुपैयाँ अर्थात् अनुमानको १८ दशमलव १८ प्रतिशत प्राप्त भएको छ । यस अवधिमा दुई खर्ब पाँच अर्ब रुपैयाँ बराबरको विकास सहायता प्रतिबद्धता प्राप्त भएको अर्थ मन्त्रालयले जनाएको छ ।

# नारायणी अस्पतालको स्तरोन्नति माग गर्दै प्रदर्शन



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको नारायणी अस्पतालमा बनाउने भनिएको पाँच सय शैयाको भवन निर्माणको प्रक्रिया थाल्न माग गर्दै जनमत पार्टी पर्साले वीरगंजमा प्रदर्शन गरेको छ । शुक्रबार वीरगंजको घण्टाघर चोकमा जनमत पार्टीका नेताकार्यकर्ताले प्ले कार्डसहित प्रदर्शन गरेका हुन् । त्यसक्रममा उनीहरुले घण्टाघर चोकमै केहिबेर सडक अवरुद्ध पारेपछि प्रहरीले उनीहरुलाई बल प्रयोग गरेर सडकबाट हटाएको थियो । सो क्रममा प्रहरी र प्रदर्शनकारीबीच केहि बेर धरपकड र घम्साघम्सी समेत भएको थियो । सरकारले पाँच वर्षअघि आर्थिक बर्ष २०७५/७६ मा मन्त्रीपरिषदकै बैठकबाट नारायणी अस्पताललाई केन्द्रिय अस्पताल घोषणा गर्दै ५ सय ५० शैयाको पाँच तल्ले भवन निर्माणका लागि बजेटसमेत निकासा गरेको थियो । तर उक्त भवन निर्माणको प्रकृया शुरु नहुँदै शहरी विकास तथा भवन निर्माण विभाग र निर्माण कम्पनि (ठेकेदार) बीचको विवाद सम्बन्धि मुद्धा सर्वोच्च अदालतमा विचाराधिन रहेका कारण पाँच वर्षदेखि अलपत्र अवस्थामा छ । सर्वोच्च अदालतमा उक्त मुद्दाको अर्को पेसी यहि माघ २८ गतेका लागि तोकिएको छ । शुक्रबार घण्टाघर चोकमा जनमत पार्टीले गरेको दबाब प्रदर्शनलाई सम्बोधन गर्दै जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सर्राफले वीरगंजसँग शासकले मात्र नभई न्यायलयलेपनि विभेद गरिरहेको गुनासो गरे । चार जिल्लाका ३० लाख नागरिकले स्वास्थ्य उपचारको सेवा लिँदै आएको नारायणी अस्पतालमा सरकारले निर्माण गर्न बजेट निकासा गरिसकेको भवन बारे परेको मुद्दा सर्वोच्च अदालतले ५ बर्षदेखि अल्झाएर राखेकोमा उनले आक्रोश पोखे । उनले भने, 'यदि माघ २८ को पेशीमा पनि सर्वोच्चले मुद्दाको छिनोफानो लगाएन भने हामी हाम्रो अस्पतालका लागि वीरगंजमा बन्दहडतालका कार्यक्रम समेत गर्छौं ।'
जनमत पार्टीले आफ्नो दलगत स्वार्थका लागि नभई सम्पूर्ण वीरगंजबासीका लागि आन्दोलन थालेको भन्दै उनले यो आन्दोलनमा सहभागी हुन सम्पूर्ण नगरबासीलाई आह्वान पनि गरे । प्रदर्शनका क्रममा जनमत पार्टीका केन्द्रीय परिषद सदस्य डा. अजय यादव, केन्द्रीय सदस्य नजमा खातुन, नेताहरु राजनारायण मिश्र, सन्जय सिंह लगायतले पनि सम्बोधन गरेका थिए । यसैबीच नारायणी अस्पतालको स्तरोन्नतिको माग गर्दै शनिबार नागरिक समाज वीरगंजले दबाब र्‍याली गर्ने भएको छ ।

# ट्राफिक नियम पालना मात्रै गर्ने हो भने धेरै हदसम्म दुर्घटना कम हुन्छः भट्ट




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालमा हुने सडक दुर्घटनाको ७८ प्रतिशत कारण भनेको चालकको लापर्वाही नै हो । त्यसपछि सडकको अवस्थाका कारणले पनि धेरै दुर्घटना हुने गर्छ । गाडीको अवस्था,ट्राफिक नियमको पालना नगर्नु, जनचेतनाको कमी, धेरै यात्रु बोकेर हिँड्नु, तीव्र गतिमा गाडी हाँक्नु लगायतका धेरै कारणले गर्दा पनि दुर्घटना हुने गर्छ ।
जनचेतनाको अभावका कारण कतिपय सवारी दुर्घटनामा पैदल यात्रीले समेत ज्यान गुमाउनु परेको भन्दै चालक यात्रुलाई जिम्मेवार बनाउन ट्राफिक कार्यालय पर्साले विभिन्न सडक जनचेतना अभियान संचालन गर्दै आएको ट्राफिक प्रमुख प्रहरी निरीक्षक लोकराज भट्टले बताए । अहिले सर्वसाधारणमा जनचेतनाको अभावका कारण यातायातका साधनको सिट क्षमताभन्दा बढी यात्रु बस्ने, जथाभावी बाटो काट्ने गरेका कारण यात्रुलाई जनचेतनाको माध्यमबाट सचेत गराउदै आएका उनले बताए । दुर्घटना न्यूनीकरण गर्न गाडी कसरी चलाउने, गाडी आफ्नो नियन्त्रणमा राख्नको लागि कति गति हुनुपर्छ र बाटोअनुसार कति गति कायम गर्ने भन्ने कुरा चालकको योग्यता, क्षमता र नियन्त्रणको कुरा भएकोले चालकले यो कुरामा ध्यान दिने हो भने धेरै दुर्घटना टर्न सक्छन् । त्यस्तै हतार नगर्ने हो लेनमा गाडी गुडाउन सकिन्छ । तर हामी सबैलाई हतार हुन्छ र अरुको लेनमा हामी जान्छौं । यसले गर्दा गाडी जुध्ने, मान्छेलाई ठक्कर दिने सम्भावना धेरै हुने गरेको छ । यसमा पनि सबैले ध्यान दिन जरुरी छ । सडकमा ट्राफिक प्रहरी देखे मात्र ट्राफिक नियम पालना गर्ने नत्र वेवास्ता गर्दै हिँड्ने यस्ता प्रवृत्ति अहिले धेरै बढेको छ । यसलाई नियन्त्रण गर्न पैदलयात्रु र सवारी चालकलाई ट्राफिक नियमसम्बन्धी सचेतना जगाउने, लेन अनुशासन, जेब्राक्रसिङका बारेमा चेतना अभिबृद्धि गरी दुर्घटना न्युनिकरण गर्नु प्रमुख उद्देश्य रहेको उनले बताए । सडकमा गाडी चलाउदा वा पैदल हिड्दा सतर्क भएर हिड्न उनको आग्रह छ ।

# देवाही गोनाहीका मेयर र वडा अध्यक्षमाथि ज्यान मार्ने मुद्दा



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्लाको धरहरी घटनाका दोषीलाई जिल्ला अदालत रौतहटले सफाइ दिएपछि पीडित परिवार न्यायका लागि उच्च अदालत जनकपुरका अस्थाई इजलास वीरगंज आइपुगेका छन् । अदालतले दोषीहरुलाई निर्दोष सावित गर्दै सफाइ दिएपनि जिल्ला अदालत गौरको उक्त फैसला प्रति चित नबुझेको भन्दै पीडित परिवार न्यायका लागि उच्च अदालत जनकपुरका अस्थाई इजलास वीरगंजमा रिट गरेका छन् । २०७७ सालमा देवाही गोनाही नगरपालिका वडा नं. ९ धरहरीमा दुई पक्षबीच झगडा भई कुटाकुट भएको थियो । सो झगडामा देवाही गोनाही नगरपालिकाका मेयर प्रेमलाल साह, धरहरीका वडा अध्यक्ष विरबहादुर साह लगायतका व्यक्तिले धारिलो हतियार प्रहार गरी स्थानीय लखिन्द्र यादव र लालबाबु यादव गम्भीर घाइते भएका थिए भने अरु केहि व्यक्तिहरु सामान्य घाइते भएका थिए । ज्यान मार्ने उद्देश्यले मेयर साह, वडा अध्यक्ष विरबहादुर साह सहितका व्यक्तिले लखिन्द्र र लालबाबु यादवमाथि संघातिक हमला गरेको लखिन्द्र यादवका दाई सिकिन्दर राय यादव बताउँछन । संघातिक हमला गरी गम्भीर घाइते बनाउने उनीहरुमाथि कारवाही गर्न लखिन्द्रको दाई सिकिन्दर राय यादवले हुलाक मार्फत ज्यान मार्ने उद्योग मुद्दा जिल्ला अदालत गौरमा दिएका थिए । पीडित सिकिन्दर राय यादवले घटनामा संलग्न मेयर प्रेमलाल साह, वडा अध्यक्ष विरबहादुर साह सहित १३ जनामाथी जिल्ला अदालत रौतहटमा ज्यान मार्ने उद्योग मुद्दा दिएका थिए । अदालतमा उनीहरुमाथी मुद्दा दर्ता भएपछि पीडित सिकिन्दरले अब दोषीहरुलाई अदालतले कार्यवाही गर्छन र आफुहरुलाई न्याय दिलाउँछ भनी आशावादी रहेको बताए ।

**मुद्दा फिर्ता लिन आर्थिक प्रस्ताव**

१० लाख रुपैयाँ लिएर ज्यान मार्ने उद्योग मुद्दा फिर्ता लिन मेयर प्रेमलाल साहले आफुसँग प्रस्ताव गरेको पीडित सिकिनदर राय यादवले बताएका छन् । शुरुमै मेयर प्रेमलाल साहले मुद्दा मिलापत्र गर्न आफूलाई दश लाख रुपैयाँ प्रस्ताव गरेको तर उनको उक्त प्रस्ताव आफूले अस्वीकार गरेको समेत उनले बताए । आफूले भाइको न्याय मागेको रिसिइबी साधन विपक्षीले केही महिना अघि आफूलाई लागू औषध मुद्दामा फसाएको सिकिनदर राय यादवको आरोप छ । भाइको न्यायको लागि अदालतमा ज्यान मार्ने उद्योग मुद्दा दर्ता गराएको रिसिबी साधन आफ्नो कोठामा लागू औषध गाँजा राखेर उनीहरुले आफूलाई लागू औषध मुद्दामा फसाउन खोजेको उनले बताए । लागूऔषध मुद्दामा पक्राउ परेको केहीदिनमा नै सिकिन्दर राय यादव धरौटी रकम बुझाएर थुनामुक्त भएका थिए ।

# १२ जोडीको दाइजोमुक्त सामूहिक अन्तरजातीय विवाह सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
समाजलाई दाइजोमुक्त बनाउने अभियान अन्तर्गत सतलोक आश्रम धनुषामा १२ जोडीहरुको दाइजोरहित सामूहिक विवाह गराइएको छ । धनुषा जिल्लाको मिथिला नगरपालिका–२, बेलाचापी स्थित सतलोक आश्रम धनुषामा ५०७ औं कबीर साहेब निर्वाण दिवस यस वर्ष पनि भव्यताका साथ मनाईंदै छ । उक्त पावन समागमको उपलक्ष्यमा सन्त रामपालजी महाराजका अनुयायीहरुद्वारा यहि माघ महिनाको २४ देखि २६ गते सम्मका लागि आयोजित तीन दिवसीय अखण्ड पाठ तथा विशाल भण्डारा कार्यक्रमको दोस्रो दिन माघ २५ गते शुक्रबार विभिन्न समाज सुधारका कार्यक्रमहरु सम्पन्न गरिएको छ । समाज सुधारक सन्त रामपालजी महाराजको सान्निध्यमा हरेक वर्ष कबीर साहेब निर्वाण दिवस मनाउने गरिएको आयोजकले जनाएका छन् । सन्त रामपालजी महाराजको सान्निध्यमा आदरणीय सन्त गरिबदासजी महाराजद्वारा रचित अमरग्रन्थ साहेबको अखण्ड पाठ जारी राख्दै १२ जोडिहरुको दाइजो तथा आडम्बरमुक्त विवाह(रमैणी) गराइएको हो । यस विवाहमा कुनै प्रकारको सरसामान तथा नगद लेनदेन भएको छैन भने बेहुला वा बेहुली दुवैपक्षको कुनै पनि खर्च भएन । सर्व आगन्तुकहरुलाई खाने तथा बस्ने व्यवस्था आश्रमकै तर्फबाट विशाल भन्डारामा गरियो । मात्र १७ मिनेटको गुरुवाणी द्वारा तेत्तीस करोड देवीदेवताहरुको स्तुति गरी तीनै देवीदेवताहरुको साक्षीमा लाखौं श्रद्धालुहरु सामु उक्त विवाह सम्पन्न भयो । यस प्रकारको विवाहमा कुनै किसिमको मांसाहार तथा नशालु पदार्थ आदी सेवन गर्न पूर्ण रुपमा निषेधित हुन्छ । समाजबाट दाइजो रूपी कुप्रथालाई समाप्त पार्न सन्त रामपालजी महाराजको दाइजोमुक्त समाज अभियान अन्तर्गत यो विवाह गराइएको जानकारी आयोजकले जनाएका छन् । यस्ता विवाहले समाजमा प्रत्यक्ष सकारात्मक प्रभाव पारेको र समाज परिवर्तित भैरहेको जानकारी पनि आयोजकले गराएका छन् । आफ्नो गुरुबाट प्राप्त ज्ञानमा आधारित रहेर मानवसेवाको भावना दर्शाउँदै अनुयायीहरुले यस कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीलाई ६३ युनिट रक्तदान पनि गरेका छन् ।
कार्यक्रममा विशिष्ट व्यक्तिहरु, विभिन्न न.पा. का मेयर तथा वडा अध्यक्षहरु, विभिन्न निकायका प्रमुख कर्मचारीहरु, डाक्टर तथा इन्जिनियरहरु लगायतका व्यक्तित्वहरुको बहुसंख्यामा सहभागीता रह्यो । कबिर साहेबले आज भन्दा ५०७ वर्ष पहिले भारतको मगहरबाट सशरीर सत्यलोकम जानुभएको थियो । काशीमा १२० वर्ष काशीमा मानव लीला गरी अन्त्यमा मगहरबाट सतलोक जाँदै गर्दाको चित्रण गर्ने आध्यात्मिक प्रदर्शनिहरु पनि उक्त कार्यक्रममा लगाइएको थियो । आश्रमको सर्व व्यवस्था तथा सन्त रामपालजी महाराजद्वारा बनाइएको भक्ति मर्यादा र अनुशासनलाई देखेर सबैले हृदय देखि नै कार्यक्रम आयोजकका साथै सन्त रामपालजी महाराजको प्रशंसा गरेका छन् । यस्ता कार्यक्रम, व्यवस्थापन र अनुशासन त राज्यले नै अनुशरण गर्नुपर्ने किसिमको नमुना रहेको कुरा अतिथिहरुले बताएका छन् । विशाल भण्डारामा शुद्ध घ्यु बाट तयार गरीएको बुनियाँ तथा हलुवा प्रसादका साथै रोटी, पूरी, शब्जी, सलाद, दाल, भात, अचार आदीको व्यवस्था गरिएको छ । जुनसुकै व्यक्ति पनि कार्यक्रममा सहभागी भएर प्रसाद ग्रहण गर्न सक्ने र जति धेरै सख्यांमा श्रद्धालु आए पनि सबैलाई निःशुल्क भोजन भण्डारा गराउने तयारी रहेको आयोजकले बताएका छन् । यसका साथै धेरै भन्दा धेरै संख्यामा आम जनसाधारणलाई कार्यक्रममा सहभागी हुन पनि आमन्त्रित गरिरहेको छ । तेस्रो दिन भोग आरती र सत्संग गरी कार्यक्रम सम्पन्न हुने कुरा आयोजकले जनाएका छन् । कार्यक्रमको पहिलो र दोस्रो दिन गरी करीब ५ लाख जति श्रद्धालुहरुको उपस्थित रह्यो ।

# दर्ताविनाको अस्पतालमा बबिता २० दिनदेखि बेहोस्



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मान्छेको मन हो, सास छइन्जेल आस भन्ने नै छ । बिरामी परेपछि अस्पताल लैजानै पर्यो । कसले हेर्छ र अस्पताल दर्ता छ कि छैन ? सेता पोशाक लगाएर उपचार गर्न आउने सक्कली मान्छे देखिएपछि अस्पताल र डाक्टर नक्कली हो कि सक्कली ? कहाँ खोज्ने, कसलाई सोध्ने ? उसै पनि डाक्टर भनेका जिउँदा भगवान हुन् । हो, यस्तै विश्वास गर्दा जनकपुरधाम–१४ पिडारीचोकस्थित दर्ताविनै सञ्चालनमा रहेको मुस्कान अस्पतालमा शल्यक्रिया भएपछि २५ वर्षीया बबिता यादव २० दिनदेखि बेहोस छिन् । उनका परिवार पनि बेहोस् हुने अवस्थामा पुगेका छन् ।
सर्लाही, हरिपुर्वा नगरपालिका–५ का अंगेश यादवकी पत्नी बबिताको पित्तथैलीको पत्थरी निकाल्ने क्रममा गम्भीर स्वास्थ्य समस्या उत्पन्न भएपछि यस्तो भएको हो । बुबा ब्रह्मदेव यादवका अनुसार माघ ३ गते मुस्कान अस्पतालमा सर्जन डा. ज्ञानकुमार साहको नेतृत्वमा शल्यक्रिया बबिताको भएपछि समस्या भएको हो । उनी होसमै आएकी छैनन् । शल्यक्रियामा गम्भीर लापरबाही भएकै कारण छोरीको अवस्था जटिल बनेको बुबाको भनाइ छ ।
शल्यक्रियापछि स्वास्थ्यमा सुधार नआएपछि भेन्टिलेटरमा राखिएकी बबिताको अवस्था अरु जटिल बनेको छ । माघ ६ गते बबितालाई जनकपुरस्थित जानकी हेल्थकेयरमा भर्ना गरिएको छ ।
उनका परिवारजनले मुस्कान अस्पताल र शल्यक्रिया गर्ने चिकित्सकविरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषा, नेपाल मेडिकल काउन्सिललगायत निकायमा उजुरी दिएका छन् । डा. ज्ञानकुमार साहले बबिताको शल्यक्रिया गरेका हुन् ।
बबिताका ससुरा वीरेन्द्र अधिकारीले चिकित्सक र अस्पताल प्रशासनले चरम लापरबाही लुकाउन बिरामीलाई नै दोष दिइरहेको बताए ।
धनुषा प्रहरी प्रवक्ता डिएसपी बरुणबहादुर सिंहले दुई पक्षबीच दुई दिनसम्म छलफल गरिएको तर कुनै निष्कर्ष ननिस्किएको बताए । मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा मुस्कान हस्पिटलको कुनै दर्ता भेटिएको छैन । अस्पताल सञ्चालक सैयद अलि हुन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन